# बुद्धभूमि नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

हनुमानचोक, बुडढी, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या.:०८१।०८२

चलानी नं.:

ने.स.-११४५

तालको ठेक्का व्यवस्थापनका लागि शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/११/२१

बुद्धभूमि नगरपालिकाको आर्थिक ऐन, २०८१ तथा नगर कार्यपालिकाको मिति २०८१।९।२९ तथा २०८१।११।११ को निर्णयानुसार तपशिलमा उल्लिखित तालको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, प्यानमा दर्ता भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपशिल बमोजिमका शर्तहरुको अधीनमा रही शिलबन्दी दरभाउ पत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि १५ दिने सूचना प्रकाशन गरिएको छ ।

तपशिल:

| सि.नं. | ठेक्का नं./बोलपत्र नं. | बोलपत्रको नाम | न्यूनतम बोलपत्र रकम (सेवाशुल्क, अन्य कर मू.अ.कर बाहेक) | धरौटी रकम ( कबोल अंकको ) | बोलपत्र दस्तुर (रु.) | ठेक्का अवधि |
|---|---|---|---|---|---|---|
| १ | 8/BM/REV/ 2081/082 | नौखानिया ताल बुद्धभुमि नगरपालिका -१० | रु. ३,११,३६१। | ५ प्रतिशत | रु.१०००। फिर्ता नहुने गरी | सम्झौता भएको मितिले ५ वर्ष |
| २ | 9/BM/REV/ 2081/082 | चमरगुनिया ताल बुद्धभुमि नगरपालिका -४ बुट्टी | रु. १७,१५,३०६। | ५ प्रतिशत | रु.१०००। फिर्ता नहुने गरी | सम्झौता भएको मितिले ७ वर्ष |

शर्तहरु :

१. शिलबन्दी दरभाउपत्र फाराम यो सुचना प्रकाशित भएको मितिले १५ औ दिन कार्यालय समय भित्र नगद रु.१,०००। (एक हजार रुपैयाँ मात्र ।) तिरेको रसिद वा एन.एम.बी. बैंक शाखा कार्यालय गोरुसिंगेमा रहेको यस कार्यालयको ग-११ आन्तरिक राजस्व खाता नं. ०४४००५५९९७६०००१२ मा नगद जम्मा गरेको बैंक भौचर साथ निवेदन पेश गरी यस कार्यालयबाट शिलबन्दी दरभाउपत्र खरिद गरी १६ औं दिनको १२:०० बजे सम्ममा बुद्धभूमि नगरपालिकामा सिलबन्दी दरभाउपत्र पेश गरि सक्नुपर्नेछ ।

(प्रमुख प्रशासकीय अधिकृत)

२. शिलबन्दी दरभाउपत्र फारम खरिद गर्दा नविकरण भएको फर्मको प्रमाण पत्र, प्यान दर्ता भएको प्रमाण पत्र र करचुक्ता प्रमाण पत्र, नेपाली नगरिकता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

३. शिलबन्दी दरभाउपत्र बुझाउने अन्तिम दिन बिदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिनमा तोकिएको समयमा बुझाउन सकिनेछ ।

४. हुलाक, कुरियर र ईन्टरनेबाट पठाईएको शिलबन्दीपत्रलाई मान्यता दिईने छैन ।

५. रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २ बजे देखि कार्यालयका कर्मचारी प्रतिनिधिहरु, निर्माण व्यवसायीहरु वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै दरभाउ पत्र वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

६. आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको एनएमवी बैंक गोरुसिंगेमा रहेको बुद्धभूमि नगरपालिकाको धरौटी खाता नं. ०४४००५५९९७६०००४१ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको (बोलपत्र खोलेको मितिले) म्याद सहित जारी गरिएको बिड बिण्ड साथ पेश गर्नु पर्नेछ ।

७. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।

८. किस्ता रकम देहाय बमोजिम बुझाउनुपर्नेछ ।

| सिन. | किस्ता बुझाउने समय | किस्ता बापतको रकम |
|---|---|---|
| १ | सम्झौता गर्नुभन्दा पूर्व पहिलो वर्षको शुरुवात । | कुल कबोल अंकको २० प्रतिशत तथा सोमा लाग्ने कर, दस्तुर तथा अन्य शुल्क। |
| २ | सम्झौता पछिको दोस्रो वर्षको शुरुवात | कुल कबोल अंकको २० प्रतिशत तथा सोमा लाग्ने कर, दस्तुर तथा अन्य शुल्क |
| ३ | सम्झौता पछिको तेस्रो वर्षको शुरुवात | कुल कबोल अंकको २० प्रतिशत तथा सोमा लाग्ने कर, दस्तुर तथा अन्य शुल्क |
| ४ | सम्झौता पछिको चौथो वर्षको शुरुवात | कुल कबोल अंकको २० प्रतिशत तथा सोमा लाग्ने कर, दस्तुर तथा अन्य शुल्क |
| ५ | सम्झौता पछिको चौथो वर्षको शुरुवात | कुल कबोल अंकको २० प्रतिशत तथा सोमा लाग्ने कर, दस्तुर तथा अन्य शुल्क । |

चुरामणि पन्थी
प्रमुख प्रशासकीय अधिकृत

९. बाँकी सम्पूर्ण किस्ता बापत रकमको हकमा नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा १ वर्ष सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड ) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंकको नियमानुसार नेपाल सरकारलाई बुझाउँनुपर्ने कुनैपनि कर दाताले छुट्टै बुझाउनु पर्नेछ । प्रत्येक बर्षको लागि बाँकी किस्ता रकम बापतको बैंक ग्यारेण्टी (कार्यसम्पादन जमानत पत्र) को म्याद समाप्त हुनुभन्दा १५ दिन अगावै तोकिएबमोजिमको किस्ता रकम दाखिला गरी बाँकी रकमको हकमा मात्र बैंक ग्यारेण्टी पेश गर्नुपर्नेछ । उक्त अवधिभित्र पेश नगरेमा पहिलेको बैंक जमानतबाट असुल उपर गरिनेछ ।साथै बैंक ग्यारेण्टी पेश गर्न नसकेको हकमा सम्पुर्ण रकम एकमुष्ट रुपमा दाखिला गरेर मात्र पट्टा उठाउन सकिनेछ ।

१०. प्रत्येक किस्ता रकम समयमा नै भुक्तानी गरी सक्नु पर्नेछ । अन्यथा बैंक ग्यारेण्टीबाट असुल उपर गरी तालको ठेक्का बदर गरिनेछ ।

११. तोकिएको समयमा तोकिएको रकम दाखिला गरी सम्झौता गर्न नआएमा राखिएको धरौटी रकम समेत जफत गरी तालको ठेक्का दोस्रो ठुलो अंक कबोल गर्नेलाई दिने वा ठेक्का रद्ध गर्ने सम्पूर्ण अधिकार कार्यालयमा रहनेछ ।

१२. तालको सम्झौता पश्चात कुनै पनि कारणले काम सुचारु नभएको अवस्थामा कुनै किसिमको छुट मिनाह दावी गर्न पाइने छैन । ताल ठेक्का सम्झौता नभएसम्म बोलपत्र पेश गर्ने अन्य बोलपत्रदाताले धरौटी रकम फिर्ता लिन सक्ने छैन । साथै तालको ठेक्का व्यवस्थापन सम्झौता प्रचलित कानुन बमोजिम हुनेछ ।

१४. ठेक्का सदर भए पश्चात आफ्नो नामको ठेक्का अर्को व्यक्ति/फर्मलाई बिक्री गर्न पाईने छैन ।

१५. समयमा किस्ता नबुझाएमा धरौटी रकम जफत गरि ठेक्का रद्ध समेत गर्न सकिने छ ।

१६. स्थानीय सिँचाईको लागी आवश्यक परेको बखत माछालाई असर नपर्ने गरी पानी दिनु पर्नेछ ।

१७. तालको ठेक्का सम्झौता भईसकेपछि तालु मर्मत सम्भार ठेकेदार स्वयंले गर्नु पर्नेछ ।

१८. सम्झौताको कुनै शर्त विपरित काम गरेमा बिचैमा ठेक्का तोड्न सकिनेछ ।

१९. प्राकृतिक तथा अन्य कुनै पनि मानवीय कारणले हुन जाने हानी नोक्सानी प्रति कार्यालय जिम्मेवार हुने छैन र किस्ता रकम मिनाहा दिईने छैन ।

२०. संरचना निर्माण गर्नु पर्दा कार्यालयसँग स्वीकृति लिई निर्माण गर्नु पर्नेछ । निर्माण गरिएका तालसँग सम्बन्धित संरचनाहरु ठेक्का समाप्ति पश्चात छोड्दाका बखत समेत नभत्काइ, नबिगारी जे-जस्तो अवस्थामा छ सोही अवस्थामा छोड्नुपर्नेछ ।

२१. माछा निकाल्ने प्रयोजनका लागी पानीको निकास गर्दा सकभर सिँचाईका लागी उपयोगी हुने तरिकाबाट वरपर ग्रामिण वस्तीमा असर नपर्ने गरि गर्नु पर्नेछ ।

२२. फर्म, कम्पनी वा व्यक्तिले ताल परिसरमा नगरपालिकाले तोकेको स्थानमा फिसिङ्ग कार्य संचालन गर्न तथा माछाका आईटम मात्र बिक्री गर्ने गरी अस्थायी संरचना निर्माण गरी माछा आईटम बिक्री गर्न सक्ने छ । उक्त कार्य गर्नका लागी नगरपालिका सँग अनिवार्य रुपमा पुर्व स्वीकृति लिनु पर्नेछ ।

२३. नगरपालिकामा विगतका तथा चालु आर्थिक वर्षका कुनै ठेक्का बापतको बक्यौता भएको खण्डमा यस सूचना बमोजिमको ठेक्का प्रक्रियामा कुनै व्यक्ति, फर्म वा संस्थालाई संलग्न गराईनेछैन ।

प्रमुख प्रशासकीय अधिकृत

बुद्धभूमि नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
हनुमानचोक, बुढ्ढी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या.:०८१।०८२
चलानी नं.:

ने.स.-११४५

२४. तालको अवलोकन गर्न आउने आगन्तुकसँग नगरपालिकाको स्वीकृति बिना दस्तुर लिन पाईने छैन तर माछाको वचावटका लागी आवश्यक पुर्व सावधानी अपनाउन ठेक्का कबोल गर्ने ब्यक्ति/फर्म/कम्पनी लाई वाधा परेको मानिने छैन ।

२५. तालको वरिपरीको समुदायसँग समधुर सम्बन्ध कायम गरी ताल ठेक्का व्यवस्थापन गर्नुपर्नेछ ।

२६. अन्य जानकारीको लागी यस कार्यालयमा समय भित्र मो.नं., 9745435934 मा सम्पर्क गर्न सकिनेछ ।

चुरामणि पन्थी
प्रमुख प्रशासकिय अधिकृत

चुरामणि पन्थी
प्रमुख प्रशासकीय अधिकृत